# उच्च अदालत जनकपुर

(प्रशासन शाखा)

फोन नं. ०४१-५२१०७४
०४१-५२१०७२
०४१-५२८१७३
Fax N. ०४१-५२७२९७
Email–infoacjanakpur@acourt.gov.np

प.सं

च.नं.

मिति २०७८।३।१

## यस अदालतबाट जारी भएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिइरहेको न्यू भेरिएन्ट कोभिड-१९ को संक्रमणको जोखिमलाई नियन्त्रण रोकथाम र उपचारको लागि मिति २०७८/०१/१४ को सम्मानित सर्वोच्च अदालतको पूर्ण बैठकको निर्णय एवं जिल्ला प्रशासन कार्यालय धनुषाको मिति २०७८/०२/३१ समेतको निर्णय अनुसार संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानिय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिमको धनुषा जिल्ला भरीको लागि २०७८।३।१ गते देखी सामान्य खुकुलोपन सहीत थप एक हप्ता निषेधाज्ञा आदेश जारी भएको परिप्रेक्ष्यमा मिति २०७८/०३/१ गते देखि मिति २०७८/०३/७ गते सम्म यस अदालतबाट प्रवाह हुँदै आइरहेको सेवाहरु मध्ये सुरक्षाको मापदण्ड पालना गरी सिमित संख्यामा तपसिल बमोजिमका सेवाहरु थप संचालन गर्ने निर्णय गरियो ।

तपसिल

### हाल सम्पन्न हुदै आएका कार्यहरु

१. बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता र सुनुवाई,
२. कोभिड-१९ सँग सम्बन्धित रिट निवेदन दर्ता र सुनुवाई,
३. यस अदालतबाट सुरु कारवाही किनारा हुने मुद्दामा पक्राउ पुर्जी जारीको अनुमती, जरुरी पक्राउ पूर्जीको अनुमति स्वीकृति, म्याद थप, अभियोगपत्र दर्ता, बयान र थुनछेक आदेश ।
४. कसूर कायम भई सजाय निर्धारणका लागि तोकिएको मुद्दाहरुको सुनुवाई ।
५. बालबालिका सम्वन्धी परेको निवेदन दर्ता र सुनुवाई ।
६. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ वमोजिम परेको निवेदन दर्ता र सुनुवाई ।

### थप सुनुवाई हुने विषयहरु

१. नेपाल सरकारको तर्फवाट दर्ता भएका पुनरावेदन मध्ये प्रत्यर्थी झिकाउने आदेश नभएका मुद्दाहरु ।
२. साधक जाँचको लागि पेश भएका मुद्दा ।
३. मुद्दा फिर्ता गरी पाँउ भनि पर्न आएका निवेदनहरु ।
४ मिति २०७८।१।१४ गते सम्ममा गुज्रेको तारिख थाम्ने थमाउने अवस्था व्यतित भै सकेका रिट निवेदनहरु ।
५. पक्ष तारिखमा नरहेका र कानून व्यवसायी नियुक्त नभएका मुद्दाहरु ।

६. श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) [illegible] मुद्दाको कार्वाही सम्वन्धी कार्य गरी पाँउ भनि सम्वन्धित पक्ष/कानून व्यवसायीले निवेदन दिएका अदालतमा श्रव्यदृष्य संवाद (भिडियो कन्फरेन्स) निर्देशिका, २०७८ को दफा ४ (१) वमोजिमका कार्यहरु ।

७. यस अदालतबाट हुने काम कारवाही तथा सेवा प्रवाह स्थगन भएको अवधिको लागि मुद्दा, रिट तथा निवेदनहरुमा रहेका हदम्याद, म्याद तथा तारेख गुज्रेको मानिने छैन् । सो अवधिका म्याद तारेख हदम्याद कानून वमोजिम थमाउन सकिने।

शाखा अधिकृत